आज मिति २०८१ असोज १५ गते मंगलवारका दिन थलारा गाउँपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

| क्र.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर रोकाया | गा.पा अध्यक्ष | |
| २ | राम बहादुर खाती | गा.पा उपाध्यक्ष | |
| ३ | रविन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ४ | रविन्द्र बहादुर खाती | कार्यपालिका सदस्य | |
| ५ | प्रकाश भण्डारी | कार्यपालिका सदस्य | |
| ६ | रामचन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ७ | नर बहादुर खाती | कार्यपालिका सदस्य | |
| ८ | अनिल कुमार विष्ट | कार्यपालिका सदस्य | |
| ९ | किस्ने सार्की | कार्यपालिका सदस्य | |
| १० | टिकाराम जोशी | कार्यपालिका सदस्य | |
| ११ | लोकेन्द्र बहादुर बिष्ट | कार्यपालिका सदस्य | |
| १२ | हेमन्ती देवी सिंह | कार्यपालिका सदस्य | |
| १३ | रम्भा देवी कामी | कार्यपालिका सदस्य | रम्भा |
| १४ | सुनिता देवी गिरी | कार्यपालिका सदस्य | |
| १५ | कमला कुमारी उपाध्याय जोशी | कार्यपालिका सदस्य | |
| १६ | बिर्ख बहादुर मिजार कामी | कार्यपालिका सदस्य | |
| १७ | ज्ञानु दमाई | कार्यपालिका सदस्य | |
| १८ | प्रयाग राज पाध्या | सचिव | |

# मिति २०८१ असोज १५ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरू

निर्णय नं १

आ.व. २०८१।८२ मा यस थलारा गाउँपालिका अन्तर्गत कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको कार्यान्वयनका लागि खरिद इकाई मार्फत खरिद योजना निर्माण गरी सोही बमोजिम कार्यान्वयन सुरु गर्ने। उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण गर्नुपर्ने आयोजनाहरुको हकमा कार्तिक १ गते देखि सम्बन्धित वडा कार्यालयले अधिकतम् लाभग्राहीलाई उपस्थित गराई उपभोक्ता समिति गठन गर्ने।

निर्णय नं. २

आ.व. २०८१।८२ मा हुने निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि जिल्ला दररेट निर्धारण समितिको मिति २०८१।३।२६ को निर्णयानुसार निर्धारण भएको दररेटलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ बमोजिम यस थलारा गाउँपालिकाको हकमा समेत स्वीकृत गर्ने।

निर्णय नं ३

गाउँ शिक्षा समितिबाट मिति २०८१ भाद्र २६ र ३० गते भएका शिक्षक दरबन्दी मिलान सम्बन्धी निर्णय अनुमोदन गरियो।

निर्णय नं. ४

थलारामा मा.वि.मा सञ्चालित डिप्लोमा इन सिभिल इन्जिनियरिङ कार्यक्रममा यस शैक्षिक सत्रमा कुनै पनि विद्यार्थी भर्ना नभएको हुँदा उक्त शैक्षिक कार्यक्रम बन्द गर्ने भनी विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएकोले सोही बमोजिम सिफारिस गर्ने।

निर्णय नं. ५

भूकम्प प्रभावित अस्थायी आवास निर्माणका लागि छनौट भएका लाभग्राहीहरु मध्ये वडा कर्यालय र प्राविधिक कर्मचारीबाट अनुगमन गरी अस्थायी आवास निर्माण सम्पन्न गरिसकेकाहरूको दोस्रो किस्ता रकम रु. २५,०००/- का दरले लाभग्राहीको बैंक खातामा निकासा पठाउने।

थलारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

२०८१।६।१५
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ६

स्थानीय पर्व, मेला, जात्रा, हतियार पूजा, दशैं मेला तथा खेलकुद कार्यक्रमका लागि विनियोजन बजेटबाट निम्नानुसार कार्यक्रमहरुका खर्च गर्ने।

| क्र. स | क्रियाकलाप | बजेट रकम रू. | कैफियत |
|---|---|---|---|
| १ | थलारा दशैं मेला तथा खेलकुद कार्यक्रम | ५ लाख | |
| २ | भैरवथान मौलापूजा | २५ हजार | |
| ३ | दक्षिणकाली पूजा वादि समुदाय | ४० हजार | |
| ४ | कार्यालयमा झण्डा पूजा | २० हजार | |
| ५ | इ. प्र. का. हतियार पूजा | २० हजार | |
| ६ | अस्थायी प्रहरी चौकी दंगाजी | १५ हजार | |
| ७ | अस्थायी प्रहरी चौकी मालुमेला | १५ हजार | |

२०८१।६।१९

प्रमुख प्रशासकीय अधिकृत

थलारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँसी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल